# व्यवसाय संवर्धन सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

स्वीकृत मिति:२०८२/०७/३०

<u>प्रस्तावना</u> : नवीन तथा सिर्जनशील सोचको आधारमा व्यवसाय स्थापना तथा सञ्चालन गर्न चाहने नवउद्यमी एवम् गतिप्रदायकलाई व्यवसाय विकासका लागि आवश्यक पर्ने प्रशिक्षण, परामर्श एवम् उद्यमशीलता पर्यावरणसँग सम्बन्धित सेवा उपलब्ध गराउन तथा सो कार्यका लागि **सरकार, विश्वविद्यालय र निजी क्षेत्रका संघ संस्थासँगको** सहकार्य तथा साझेदारीमा व्यवसाय संवर्धन सेवा स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद - १
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस कार्यविधिको नाम "व्यवसाय संवर्धन सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "कार्यक्रम" भन्नाले व्यवसाय संवर्धन सेवामार्फत उद्यमी बन्न इच्छुक व्यक्तिको लागि उद्यमको स्थापना, सञ्चालन र व्यवस्थापन गर्न आवश्यक पर्ने प्रशिक्षण, परामर्श एवं उद्यमशीलता पर्यावरणसँग सम्बन्धित क्रियाकलाप समावेश भएको कार्यक्रम सम्झनुपर्छ।

(ख) "केन्द्र" भन्नाले व्यवसाय संवर्धन सेवा सञ्चालनका लागि प्रतिष्ठानले स्थापना गरेको व्यवसाय संवर्धन केन्द्र सम्झनुपर्छ र सो शब्दले प्रतिष्ठानले विश्वविद्यालय वा शैक्षिक संस्था वा निजी क्षेत्रका संघसंस्थासँगको सहकार्य वा साझेदारीमा व्यवसाय संवर्धन सेवा सञ्चालनका लागि स्थापना वा साझेदारी गरेको वा गर्ने केन्द्रसमेतलाई जनाउँछ।

(ग) "गतिप्रदायक (एक्सिलेरेटर)" भन्नाले व्यवसाय सञ्चालन गरिरहेका उद्यमीमध्येबाट तीव्र वृद्धिको सम्भावना भएका उद्यमीलाई आवश्यक पर्ने सहयोग उपलब्ध गराई गतिशील बनाउने कार्य सम्झनुपर्छ।

(घ) "नवउद्यम" भन्नाले सुरुवाती चरणको वस्तु वा सेवा उत्पादन प्रक्रियाको विकास, सञ्चालन र वितरण वा विधिमा नवीन अन्वेषण एवम् सिर्जनशील सोचको प्रयोग गरी स्तरोन्नतिको सम्भावना रहेको स्टार्टअप उद्यमलाई सम्झनुपर्छ।

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं

(ङ) "पिच" भन्नाले कुनै सोच, विचार, परियोजना वा उत्पादनलाई स्वीकार गर्न विज्ञ, लगानीकर्ता, ग्राहक, वा सरोकारवालालाई लगानीको लागि विश्वस्त गराउने उद्देश्यले गरिएको प्रस्तुति वा प्रस्ताव सम्झनुपर्छ।

(च) "प्रतिष्ठान" भन्नाले औद्योगिक व्यवसाय विकास प्रतिष्ठान सम्झनुपर्छ।

(छ) "प्रशिक्षक (मेन्टर)" भन्नाले सम्बन्धित विषयको विज्ञ वा उद्यमी सम्झनुपर्छ र सो शब्दले व्यवसाय संवर्धन कार्यक्रमका प्रशिक्षार्थी एवं उद्यमीलाई प्रशिक्षित गर्ने विषयविज्ञ व्यक्तिसमेतलाई जनाउँछ।

(ज) "प्रशिक्षार्थी उद्यमी" भन्नाले प्रतिष्ठान वा साझेदार संस्थाबाट सेवा प्राप्त गर्नको लागि छनोट भएका उद्यमी सम्झनुपर्छ।

(झ) "मन्त्रालय" भन्नाले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्झनुपर्छ।

(ञ) "व्यवसाय" भन्नाले ज्ञान, सीप, पूँजी, प्रविधि र साधनको प्रयोग गरी वस्तु वा सेवाको उत्पादन तथा बिक्री वितरण गर्ने कार्य सम्झनुपर्छ।

(ट) "समिति" भन्नाले दफा ४ बमोजिमको व्यवसाय संवर्धन समिति सम्झनुपर्छ।

(ठ) "साझेदार संस्था" भन्नाले सेवा स्थापना, सञ्चालन तथा व्यवस्थापनका लागि प्रतिष्ठानले सहकार्य तथा साझेदारी गर्ने सरकारी, प्राज्ञिक (विश्वविद्यालय), निजी क्षेत्रका संघसंस्था सम्झनुपर्छ।

(ड) "सेवा" भन्नाले नवीन तथा सिर्जनशील सोचको आधारमा व्यवसाय स्थापना तथा सञ्चालन गर्न चाहने नवउद्यमी एवं गतिप्रदायकलाई आवश्यक पर्ने विषयमा प्रशिक्षण तथा परामर्श एवम् उद्यमशीलता पर्यावरणसँग सम्बन्धित सेवा उपलब्ध गराउन स्थापना भएको केन्द्रमा व्यवसाय संवर्धन सेवा र सो अन्तर्गतका दफा २ को खण्ड (क) बमोजिमका कार्यक्रमलाई सम्झनुपर्छ।

## परिच्छेद-२

## सेवा सञ्चालन तथा समिति

३. सेवा सञ्चालनः (१) यस कार्यविधि बमोजिम प्रतिष्ठानले प्रतिष्ठानबाट स्थापित केन्द्रमार्फत सेवा सञ्चालन तथा व्यवस्थापन गर्नेछ।

(२) प्रतिष्ठानले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहसँगको सहकार्य वा साझेदारीमा सेवा सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ।

(३) प्रतिष्ठानले विश्वविद्यालय वा शैक्षिक संस्था वा निजी क्षेत्रका संघसंस्थासँगको सहकार्य वा साझेदारीमा स्थापना भएका वा स्थापना हुने वा साविकमा स्थापना भई सञ्चालनमा रहेका केन्द्रमार्फत सेवा सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिम प्रतिष्ठानसँगको सहकार्य वा साझेदारीमा सेवा सञ्चालन तथा व्यवस्थापन गर्न चाहने साझेदार संस्थाले देहायबमोजिमको न्यूनतम पूर्वाधार भएको केन्द्रको स्थापना गर्नु पर्नेछः

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं

(क) कार्य सञ्चालनका लागि आवश्यक सामग्री तथा फर्निचरसहितको कार्यालय स्थल, सहयोग कक्ष, तालिम कक्ष, बैठक कक्ष र पार्किङ स्थल,

(ख) केन्द्र व्यवस्थापक एवम् मेन्टर, विद्युतीय उपकरणहरू (कम्प्युटर, कलर प्रिन्टर, फोटोकपी, स्क्यानर, प्रोजेक्टर),

(ग) द्रुतगतिको इन्टरनेटको व्यवस्था,

(घ) केन्द्रले प्रवाह गर्ने सेवाको प्रकृतिको आधारमा आवश्यक हुने अन्य उपकरणहरू।

(५) प्रतिष्ठानले उपदफा (२) र (३) बमोजिम सेवा सञ्चालन तथा व्यवस्थापन गर्ने साझेदार संस्थालाई देहायबमोजिमका सेवाहरू उपलब्ध गराउन सहकार्य वा साझेदारी गर्न सक्नेछः

(क) नवीन तथा सिर्जनशील सोच भएकालाई नयाँ वस्तु वा सेवाको विकास गर्न सहयोग गर्ने,

(ख) कोहर्ट सञ्चालन, उद्यमशीलता तालिम, कोचिङ, मेन्टरिङ, परामर्श सेवा र अवलोकन भ्रमणमा सहयोग गर्ने

(ग) व्यवसायको सञ्जालमा आबद्ध गर्न सहजीकरण गर्ने,

(घ) प्रशिक्षार्थी उद्यमीका लागि व्यावसायिक योजनाको विकास तथा व्यवसायिक योजनाको नियमित समीक्षा गर्न सहयोग गर्ने,

(ङ) व्यवसाय दर्ता र औद्योगिक सम्पत्ति दर्तासम्बन्धी सल्लाह, सुझाव तथा सहजीकरण सेवा उपलब्ध गराउने,

(च) नियमितरूपमा पिचिङ सेसन (व्यावसायिक प्रस्ताव) सञ्चालन गर्ने,

४. <u>व्यवसाय संवर्धन समिति</u> : (१) दफा ३ बमोजिमको सेवा सञ्चालन तथा व्यवस्थापनमा समन्वय र सहजीकरण गर्न प्रतिष्ठानमा देहाय बमोजिमको व्यवसाय संवर्धन समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | प्रतिष्ठानको कार्यकारी निर्देशक | संयोजक |
| (ख) | लघु, घरेलु तथा साना उद्योग प्रवर्धन केन्द्रको अधिकृतस्तरको प्रतिनिधि | सदस्य |
| (ग) | सेवा सञ्चालन तथा व्यवस्थापनमा सहकार्य वा साझेदारी गर्ने प्राज्ञिक वा निजी क्षेत्रका संघसंस्थाका प्रतिनिधि मध्येबाट एक जना महिला सहित तीन जना | सदस्य |
| (घ) | प्रतिष्ठानले तोकेको उद्यमशीलता तथा नवप्रवर्तनको क्षेत्रमा काम गरेको विज्ञ प्रतिनिधि | सदस्य |
| (ङ) | प्रतिष्ठानले तोकेको व्यवसाय संवर्धन हेर्ने अधिकृतस्तरको कर्मचारी | सदस्य-सचिव |

(२) समितिले आवश्यकताअनुसार सम्बन्धित क्षेत्रका विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको सचिवालय प्रतिष्ठानमा रहनेछ।

(४) प्रतिष्ठानले उपदफा (१) बमोजिमको समितिलाई आवश्यक सहयोग, समन्वय, सहकार्य र मार्गदर्शन गर्नेछ।

५. <u>समितिको काम र कर्तव्य</u> : समितिको काम र कर्तव्य देहायबमोजिम हुनेछ :-

(क) सेवाको सञ्चालन तथा व्यवस्थापनमा सहजीकरण गर्ने,

(ख) सेवाको सञ्चालन तथा व्यवस्थापनका लागि स्रोत परिचालनको क्षेत्र पहिचान एवम् सिफारिस गर्ने,

(ग) साझेदार संस्था र प्रशिक्षार्थी उद्यमीको छनोट गर्ने,

(घ) छनोटसाझेदारीमा सेवा सञ्चालन तथा व्यवस्थापन गर्न सहजीकरण गर्ने,

(ङ) प्रशिक्षार्थी उद्यमीको व्यवसाय सुरुवात गर्न, गतिप्रदायकलाई गतिशील बनाउन र नवउद्यमलाई स्तरोन्नति गर्नको लागि आर्थिक स्रोत परिचालनका लागि आवश्यक सहयोग र समन्वय गर्ने,

(च) सरकारी निकाय, प्राज्ञिक संस्था, निजी क्षेत्र र सरोकारवालासँग समन्वय तथा सहकार्य गर्ने,

(छ) प्रशिक्षार्थी उद्यमीले सेवा लिएवापत तिर्नुपर्ने न्यूनतम शुल्क सिफारिस गर्ने,

(ज) सञ्चालित सेवा र कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(झ) सेवा र कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न अन्य आवश्यक कार्यहरू गर्ने।

## परिच्छेद - ३

## <u>साझेदार संस्थाको प्रस्ताव आह्वान, मूल्याङ्कन र सम्झौता</u>

६. <u>प्रस्ताव आह्वान गर्ने</u>: (१) प्रतिष्ठानले दफा (३) को उपदफा (२) र (३) बमोजिम सहकार्य वा साझेदारीमा सेवा सञ्चालन तथा व्यवस्थापन गर्न पन्ध्र दिनको अवधि दिई अनुसूची-१ बमोजिमको ढाँचामा राष्ट्रियस्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरी प्रस्ताव आह्वान गर्नुपर्नेछ।

(२) प्रतिष्ठानले उपदफा (१) बमोजिमको सूचनाको बिस्तृत विवरण सहित प्रतिष्ठानको वेवसाइटमा प्रकाशित गर्नु पर्नेछ।

७. <u>प्रस्ताव पेश गर्नुपर्ने</u> : (१) यस कार्यविधि बमोजिम सहकार्य वा साझेदारीमा सेवा सञ्चालन तथा व्यवस्थापन गर्न चाहने प्राज्ञिक (विश्वविद्यालय) वा निजी क्षेत्रका संघसंस्थाले दफा ६ बमोजिमको सूचनाको अवधिभित्र देहायका कागजात संलग्न गरी अनुसूची-२ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नु पर्नेछ :

(क) संस्था स्थापना वा दर्ता सम्बन्धी कागजात,

(ख) संस्थाको ऐन, विधान वा प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि,



नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं

(ग) स्थायी लेखा नम्बरको प्रमाणपत्र र अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(घ) अनुसूची-३ बमोजिमको कवुलियतनामा,

(ङ) दफा ३ को उपदफा (४) बमोजिम केन्द्रको विवरण,

(२) उपदफा (१) बमोजिमको प्रस्ताव विद्युतीय माध्यमबाट समेत पेश गर्न सकिनेछ।

८. <u>प्रस्ताव मूल्याङ्कन समिति र मूल्याङ्कनका आधार</u> : (१) प्रतिष्ठानले दफा ७ बमोजिमको प्रस्ताव मूल्याङ्कनका लागि देहायबमोजिमको मूल्याङ्कन समिति गठन गर्नु पर्नेछ।

(क) प्रतिष्ठानको निर्देशक वा प्रतिष्ठानले तोकेको अधिकृतस्तरको कर्मचारी — संयोजक

(ख) प्रतिष्ठानले तोकेको उद्यमशीलता तथा नवप्रवर्तनको क्षेत्रमा काम गरेको एक जना विषय विज्ञ प्रतिनिधि — सदस्य

(ग) प्रतिष्ठानले तोकेको व्यवसाय संवर्धन हेर्ने अधिकृत — सदस्य-सचिव

(२) मूल्याङ्कन समितिले दफा ७ बमोजिम प्रतिष्ठानमा पेश हुन आएका प्रस्ताव देहायको आधारमा अनुसूची-४ बमोजिम मूल्याङ्कन गर्नेछ :-

(क) नवीन एवम् सिर्जनशील सोच तथा सोचलाई उद्यमशीलता विकासमा रुपान्तरण गरेको अनुभव,

(ख) विषय विज्ञ एवम् दक्ष जनशक्तिको उपलब्धता र योग्यता

(ग) सेवाका लागि स्थापित केन्द्रमा भौतिक पूर्वाधारको उपलब्धता

(घ) साझेदार संसस्थामा विषय विज्ञको प्रतिनिधित्व

(ङ) अपेक्षित उपलब्धी एवम् जोखिमको विश्लेषण

(च) सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी प्रस्ताव तथा कार्ययोजना र प्रस्तुतीकरणको मूल्याङ्कन

(३) मूल्याङ्कन समितिले साझेदारीका लागि प्रस्ताव पेश गरेका संस्थाको प्रस्तावको विवरण सम्बन्धमा आवश्यकता अनुसार स्थलगत निरीक्षण गरी मूल्याङ्कन कार्यलाई थप वस्तुगत बनाउन सक्नेछ।

९. <u>प्रस्ताव छनोट</u> : (१) दफा ८ बमोजिमको मूल्याङ्कन समितिले प्राप्त प्रस्ताव अध्ययन गरी न्यूनतम मापदण्ड पूरा गरेका साझेदार संस्थाको प्रारम्भिक सूची तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रारम्भिक सूचीमा सूचीकृत प्रस्तावलाई दफा ८ बमोजिम मूल्याङ्कन गरी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावकलाई मूल्याङ्कन समितिले सेवा सञ्चालन तथा व्यवस्थापनका लागि साझेदार संस्थाको रूपमा छनोटका लागि प्रतिष्ठान समक्ष सिफारिस गर्नु पर्नेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

(३) मूल्याङ्कन समितिले उपदफा (२) बमोजिम प्रतिष्ठान समक्ष सिफारिस गर्दा सेवा सञ्चालन तथा व्यवस्थापनका लागि प्रतिष्ठानले साझेदार संस्थासँग गर्ने लागत साझेदारीको रकमसमेत निर्धारण गरी सिफारिस गर्नु पर्नेछ।

(४) प्रतिष्ठानले उपदफा (३) बमोजिम मूल्याङ्कन समितिले सिफारिस गरेको प्रस्ताव स्वीकृत गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिम लागत साझेदारीको रकम निर्धारण गर्दा प्रति साझेदार संस्थासँग न्यूनतम पाँच लाखदेखि अधिकतम पन्ध्र लाखसम्म लागत साझेदारी गर्नेगरी कार्य गर्न सक्नेछ।

(६) प्रतिष्ठानले उपदफा (४) बमोजिम स्वीकृत भएको प्रस्ताव सम्बद्ध साझेदार संस्थालाई सोको जानकारी दिई सात दिनको अवधि भित्र अनुसूची-५ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ।

(७) प्रतिष्ठान र उपदफा (४) बमोजिम प्रस्ताव स्वीकृत भएको साझेदार संस्थाबीच गरिने सम्झौतामा अन्य कुराका अतिरिक्त देहायका कुरा उल्लेख गर्नुपर्नेछः

(क) केन्द्र र साझेदार संस्थाको जिम्मेवारी, आचारसंहिता र पालना गर्नुपर्ने शर्तहरू,
(ख) साझेदार संस्थाको लागत साझेदारीप्रदान गर्ने प्रक्रिया,
(ग) प्रतिवेदन पेश गर्ने प्रक्रिया र माध्यम,
(घ) समझदारीको कार्यान्वयनमा द्विविधा भएमा सोको समाधानको प्रक्रिया,
(ङ) कार्यक्रम सञ्चालनका लागि अन्य आवश्यक बिषयहरू।

(८) उपदफा (६) बमोजिमको अवधि भित्र सम्झौता गर्न नआउने प्रस्तावकको प्रस्ताव स्वतः रद्द भएको मानिनेछ।

१०. <u>साझेदार संस्थाको काम र कर्तव्य</u> : दफा ९ बमोजिम छनोट भएका साझेदार संस्थाको काम र कर्तव्य देहायबमोजिम हुनेछ :-

(क) प्रशिक्षार्थी उद्यमी छनोट गरी उद्यमशीलता तथा सीप विकास कार्यक्रम सञ्चालन गर्ने,
(ख) प्रशिक्षकको लागि प्रशिक्षण (मेन्टरसीप विकास) सञ्चालन गर्ने,
(ग) कार्यक्रममा सहभागीलाई आवश्यकतानुसार परामर्श र सहयोग उपलब्ध गराउने,
(घ) वित्त तथा बजार पहुँचमा सहजीकरण गर्ने,
(ङ) अनुसन्धान तथा विकासको कार्य गर्ने,
(च) उद्यमको अनुगमन तथा मूल्याङ्कन गर्ने,
(छ) सरकारी, निजी, तथा प्राज्ञिक संस्थासँग सहकार्य र समन्वय गर्ने,
(ज) प्रशिक्षकहरु प्रतिष्ठानको रोस्टरमा सूची दर्ता हुने,
(झ) प्रतिष्ठानसँगको सम्झौताको पूर्ण पालना गर्ने।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## परिच्छेद - ४

## प्रशिक्षार्थी उद्यमी छनोट तथा सम्झौता

११. **प्रस्ताव आह्वान गर्ने** : (१) प्रतिष्ठानले प्रशिक्षार्थी उद्यमी छनोट गर्न प्रस्ताव आह्वान गरी कम्तीमा पन्ध्र दिनको अवधि दिई अनुसूची-६ बमोजिमको ढाँचामा सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ।

(२) प्रतिष्ठानले उपदफा (१) बमोजिमको सूचनाको बिस्तृत विवरण सहित प्रतिष्ठानको वेवसाइटमा प्रकाशित गर्नु पर्नेछ।

१२. **प्रस्ताव पेश गर्नुपर्ने:** (१) यस कार्यविधि बमोजिम प्रशिक्षार्थी उद्यमीको रुपमा सेवा प्राप्त गर्न चाहने व्यक्तिले दफा ११ बमोजिमको सूचनाको अवधि भित्र देहायका कागजात संलग्न गरी कार्ययोजना सहितको व्यवसायिक योजना र प्रतिष्ठानमा अनुसूची-७ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नुपर्नेछ।

(क) नेपाली नागरिकताको प्रमाणपत्र

(ख) आफूले गर्न चाहेको उद्यमको नवीन एवम् सिर्जनशील सोच सहितको विस्तृत विवरण (कार्ययोजना सहितको स्किम/व्यावसायिक योजना)

(ग) दफा १६ मा उल्लिखित आचरण पालना गर्ने स्वघोषणा

(घ) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि

(ङ) संस्था दर्ताको प्रमाणपत्र (यदि संस्था वा कम्पनी दर्ता भएमा)

(२) उपदफा (१) बमोजिमको प्रस्ताव विद्युतीय माध्यमबाट समेत पेश गर्न सकिनेछ।

१३. **प्रस्ताव मूल्याङ्कन:** दफा १२ बमोजिम पेश हुन आएका प्रस्तावको दफा ८ बमाजिमको समितिले देहायको आधारमा र अनुसूची-८ बमोजिम मूल्याङ्कन गर्नुपर्नेछ :-

(क) प्रशिक्षार्थी उद्यमीको विवरण र स्थायी ठेगाना

(ख) प्रशिक्षार्थी उद्यमीको व्यवसाय

(ग) प्रशिक्षार्थी उद्यमीको दक्षता तथा योग्यता,

(घ) प्रशिक्षार्थी उद्यमीले पेश गरेको प्रस्ताव तथा कार्ययोजना र कार्ययोजनाको प्रस्तुतीकरण

(ङ) प्रविधिको अवलम्बन,

(च) स्तरोन्नतीको संभावना

(छ) सम्भावित उपभोक्तालाई प्राप्त हुन सक्ने वस्तु वा सेवा।

१४. **प्रशिक्षार्थी उद्यमी छनोट** : (१) दफा १२ बमोजिम प्राप्त प्रस्तावको (१) दफा ८ बमोजिमको मूल्याङ्कन समितिले प्राप्त प्रस्ताव अध्ययन गरी न्यूनतम मापदण्ड पूरा गरेका प्रस्तावको प्रारम्भिक सूची तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रारम्भिक सूचीमा सूचीकृत प्रस्तावलाई दफा ८ बमोजिम मूल्याङ्कन गरी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावकलाई मूल्याङ्कन समितिले प्रशिक्षार्थी उद्यमीका रूपमा छनोटका लागि प्रतिष्ठान समक्ष सिफारिस गर्नु पर्नेछ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

(३) प्रतिष्ठानले उपदफा (२) बमोजिम मूल्याङ्कन समितिले सिफारिस गरेको प्रस्ताव स्वीकृत गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम छनोट भएको प्रशिक्षार्थी उद्यमीलाई केन्द्रले सोको जानकारी दिई सम्पर्क गर्न आउनको लागि सात दिनको अवधि दिनुपर्नेछ।

(५) उपदफा (३) बमोजिम छनोट भएका प्रशिक्षार्थी उद्यमीसँग केन्द्रले प्रस्ताव स्वीकृत भएको मितिले सात दिनभित्र सम्झौता गर्नुपर्नेछ।

(६) उपदफा (५) बमोजिम साझेदार संस्था र प्रशिक्षार्थी उद्यमीबीच गरिने सम्झौतामा अन्य कुराका अतिरिक्त देहायका कुरा उल्लेख गर्नुपर्नेछ :-

(क) केन्द्रमा भर्ना भई प्रशिक्षार्थी उद्यमीको रूपमा रहने अवधि बढीमा दुई वर्ष,

(ख) प्रशिक्षार्थी उद्यमीले पाउने सेवा तथा उपयोग गर्ने भौतिक सुविधाको विवरण,

(ग) प्रशिक्षार्थीले तिपर्नुपर्ने शुल्क वा छुटसम्बन्धी विवरण,

(घ) आचारसंहिता तथा प्रशिक्षार्थीले पालना गर्नुपर्ने नियमहरूको विवरण,

(ङ) सम्झौता पालना नभएमा हुने दण्ड, सजाय सम्बन्धी व्यवस्था,

(च) सम्झौतामा कार्यान्वयनमा द्विविधाःविवाद उत्पन्न भएमा आपसी सहमतिमा समस्या समाधान गर्नुपर्ने विषय,

(छ) अन्य आवश्यक देखिएका विषय।

१५. <u>प्रशिक्षार्थी उद्यमीले पालना गर्नुपर्ने आचरण</u> : केन्द्रमा सेवा लिनका लागि छनोट भएका प्रशिक्षार्थी उद्यमीको आचरण देहायबमोजिम हुनेछ :-

(क) प्रशिक्षार्थी उद्यमीले कार्यक्रम अवधिभर केन्द्रबाट निर्धारित समय पालना गर्ने र तोकिएबमोजिम उपस्थित हुने,

(ख) कार्यक्रम र केन्द्रबाट प्राप्त हुने सेवा, सुविधाको प्रस्तावित व्यवसाय सफल बनाउन उपयोग गर्ने,

(ग) प्रशिक्षक, सल्लाहकार, लगानीकर्ता र अन्य नवउद्यमीहरूसँग शिष्ट व्यवहार गर्ने,

(घ) कार्यक्रम अवधि तथा केन्द्रमा राजनीतिक विषयमा कुनै छलफल वा गतिविधि गर्न नहुने,

(ङ) केन्द्रद्वारा उपलब्ध गराइएका पूर्वाधार, सेवा र सुविधाको संरक्षण तथा अधिकतम उपयोग गर्ने,

(च) कार्यक्रममा सहभागी भएपश्चात मनासिव कारणबाहेक बीचमा छोड्न नहुने,

(छ) व्यावसायिक प्रगति, प्रमुख उपलब्धि र व्यवस्थापनमा सामना गरिएका चुनौतीबारे केन्द्र व्यवस्थापनलाई आवश्यकताअनुसार प्रतिवेदन पेश गर्ने,

(ज) कार्यक्रमद्वारा तय गरिएका नियम तथा कार्यतालिकाको पालना गर्ने,

(झ) कार्यक्रम वा केन्द्रको काम कारवाही सम्बन्धमा कुनै सुझाव वा गुनासो भए समितिलाई जानकारी गराउनुपर्ने।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## परिच्छेद - ५
## विविध

१६. <u>कार्यविधिलाई आधार लिन सक्नेः</u> (१) यस कार्यविधि बमाजिम साझेदारीमा सेवाको स्थापना, सञ्चालन र व्यवस्थापन गर्न छनोट भएका साझेदार संस्थाले केन्द्र सञ्चालन सम्बन्धी भौतिक लगायतका पूर्वाधार निर्माण, सेवा सम्बद्ध मापदण्ड तथा प्रशिक्षार्थी उद्यमी छनोट तथा सम्झौता सम्बन्धी व्यवस्था गर्दा यस कार्यविधिलाई आधार लिन सक्नेछ।

१७. <u>दोहोरो सुविधा लिन नपाउने</u> : यस कार्यविधिबमोजिम सञ्चालित कार्यक्रमबाट एक पटक यस्तो सुविधा प्राप्त गर्ने उद्यमीले पुनः सोही वा अन्य निकायबाट सञ्चालित कार्यक्रमबाट त्यस्तो सेवा सुविधा लिन पाउने छैन।

१८. <u>प्रतिवेदन</u> : यस कार्यविधिबमोजिम भएका कार्यहरूको प्रगति अर्धवार्षिक रूपमा साझेदार संस्थाले प्रतिष्ठान समक्ष पेश गर्नुपर्नेछ।

१९. <u>बाधा अड्काउ फुकाउने अधिकार</u> :यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा प्रतिष्ठानको सञ्चालक समितिले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

२०. <u>अनुगमन</u>ः प्रतिष्ठानले साझेदार संस्थाहरुले सञ्चालन गरेका कार्यक्रमको अनुगमन र मूल्याङ्कन गरी पृष्ठपोषण दिन सक्नेछ।

## अनुसूची - १
### (दफा ६ सँग सम्बन्धित)
### साझेदार संस्थाका लागि प्रस्ताव आह्वानको सूचना

आर्थिक वर्ष ................. मा केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि साझेदारको रूपमा कार्य गर्न सरकारी, प्राज्ञिक (विश्वविद्यालय) र निजी क्षेत्रका संघसंस्थाहरूलाई दफा ७ बमोजिमका कागजातहरू संलग्न राखी पन्ध्र दिनभित्र आवेदन ................. प्रतिष्ठानमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

म्यादभित्र दर्ता हुन नआएका आवेदनहरूलाई मूल्याङ्कनमा समावेश गरिने छैन।

**प्रस्ताव पेश गर्दा संलग्न गर्नुपर्ने आवश्यक कागजात तथा विवरणः**

(क) संस्था दर्ता प्रमाणपत्र तथा नवीकरणको प्रतिलिपि,
(ख) संस्थाको विधान वा प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि,
(ग) स्थायी लेखा नम्बरको प्रमाणपत्र र अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
(घ) अनुसूची-३ बमोजिमको कवुलियतनामा,
(ङ) दफा ३ को उपदफा (४) बमोजिम केन्द्रको विवरण,

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची - २

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**साझेदारीमा व्यवसाय संवर्धनको सेवा सञ्चालनको लागि प्रस्तावको ढाँचा**

मिति : ................

श्री ........................,

विषय : व्यवसाय संवर्धन सेवा सम्बन्धी कार्यक्रम सञ्चालनबारे।

श्री,

उपरोक्त सम्बन्धमा त्यस कार्यालयबाट मिति .............. को सूचनामार्फत कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि साझेदार संस्था छनोट सम्बन्धमा आह्वान गरिएको सूचनाबमोजिम व्यावसायिक प्रस्ताव तथा आवश्यक अन्य कागजातहरू यसैसाथ संलग्न राखी साझेदार संस्थाको रूपमा काम गर्न इच्छुक भई यो निवेदन पेश गरिएको छ।

निवेदकको

नाम :

पद :

संस्थाको नाम :

दस्तखत :

मिति :

ठेगाना :

मोबाइल नं. :

इमेल :

संलग्न कागजातहरू (संस्थाले समावेश भएका कागजातहरूमा √ चिह्न लगाउने)

| क.सं | विवरण | भएको/ नभएको चिह्न लगाउने |
|---|---|---|
| १ | संस्था दर्ता प्रमाणपत्र तथा नवीकरणको प्रतिलिपि, | |
| २ | संस्थाको विधान वा प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि, | |
| ३ | स्थायी लेखा नम्बर प्रमाणपत्र र अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, | |
| ४ | अनुसूची २ बमोजिमको कवुलियतनामा, | |
| ५ | दफा ३ को उपदफा (४) बमोजिम केन्द्रको विवरण, | |

अनुसूची - ३

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**व्यवसाय संवर्धन सेवा सञ्चालनका लागि साझेदार संस्थाले गरेको कबुलियतनामा**

आ.व. .................. को स्वीकृत वार्षिक कार्यक्रमअनुसार त्यस कार्यालयले मिति ................. मा प्रकाशन गरेको सूचना अनुसार ................................. .................................. कार्यक्रममा साझेदार संस्थाको रूपमा काम गर्नका लागि व्यावसायिक प्रस्तावसहितको आवेदन पेस गरेको छु/छौं। उक्त कार्यक्रममा छनोट भएमा व्यावसायिक प्रस्तावमा उल्लेख भएबमोजिमको कार्य गर्ने गरी उक्त प्रस्तावमा आधारित उत्पादन वा सेवाजन्य क्रियाकलापहरू निर्धारित नीतिनियम र तोकिएको शर्तहरूबमोजिम निरन्तररूपमा सञ्चालन गर्नेछु/छौं। केन्द्रमार्फत सहयोगस्वरूप प्राप्त भएको कुनै पनि अनुदान, ऋण, परामर्शलगायतका सुविधाहरूलाई व्यावसायिक प्रस्तावमा तोकिएकै क्षेत्रमा मात्र उपयोग गर्नेछु/छौं। यसअघि...............ले कुनै सरकारी निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको/प्राप्त गरी दुरुपयोग नगरेको र सञ्चालित क्रियाकलापहरूबाट वातावरणलाई कुनै हानिनोक्सानी नपुऱ्याइ स्वच्छ उत्पादन प्रणाली अपनाउँदै आएको र पछि पनि अपनाउने व्यहोरासमेत कबुलियत गर्दै जानकारी गराउन चाहन्छु/छौं। साथै प्रस्तावक छनोट भई सहयोग प्राप्त गरेको अवस्थामा निरन्तर सेवा सञ्चालन गर्ने कुरामा समेत प्रतिबद्धता व्यक्त गर्दछु/छौं। छनोट भई समझदारीपत्रमा हस्ताक्षर समेत गरिसके पश्चात् केन्द्र सञ्चालन नगर्ने नगराउने भनी कुनै पनि किसिमको व्यवधान उत्पन्न हुन नदिने र त्यसो गरी गराएमा सहयोग वा साझेदारीको रकम बराबरको क्षतिपूर्ति कानुनबमोजिम तिर्न बुझाउनसमेत कबुल गर्दै यो कबुलियतनामा गर्दछु/छौं। यस कबुलियतनामामा लेखिएको व्यहोरा ठिक साँचो हो र कबुलअनुरूपको कार्य नगरेमा प्रचलित कानुनले निर्धारण गरेबमोजिम सहुँला, बुझाउँला।

इति संवत् २०८.... साल .... महिना रोज ........ शुभम् ....।

कबुलियत गर्ने संस्था प्रमुखको

नाम :

दस्तखत :

पद :

मिति :

संस्थाको नाम :

ठेगाना :

मोबाइल नं. :

इमेल :

संस्थाको छाप :



नेपाल
उद्योग, वाणिज्य त...
सिंहदरबार,

## अनुसूची - ४

(दफा ८ सँग सम्बन्धित)

### साझेदार संस्था छनोटका लागि मूल्याङ्कनका आधार

| क सं | | मूल्याङ्कनका आधार | पूर्णाङ्क | प्रासाङ्क |
|---|---|---|---|---|
| १ | नवीन एवम् सिर्जनशील सोच तथा सोचलाई उद्यमशीलता विकासमा रुपान्तरण गरेको अनुभव | | २० | |
| १.१ | नवीन एवम् सिर्जनशील सोच | | ५ | |
| | क | उदीयमान अवधारणालाई अङ्गीकार गरेको –३ | | |
| | ख | नविनतम सोच तथा प्रविधि अवलम्बन गरेको-५ | | |
| १.२ | नवीनतम सोचलाई उद्यमशीलता विकासमा रुपान्तरण गरेको अनुभव | | १५ | |
| | क | ३ वर्षभन्दा बढी अनुभव भए –१५ | | |
| | ख | २ देखि ३ वर्षसम्म अनुभव भए –१० | | |
| | ग | १ देखि २ वर्षसम्म अनुभव भए –७ | | |
| २ | विषय विज्ञ एवम् दक्ष जनशक्तिको उपलब्धता तथा योग्यता | | २० | |
| २.१ | विज्ञ जनशक्तिको उपलब्धता | | १० | |
| | क | सम्बन्धित विषयमा ५ जनाभन्दा बढी विज्ञ जनशक्ति भए –१० | | |
| | ख | सम्बन्धित विषयमा ३ देखि ५ जना विज्ञ जनशक्ति भए–५ | | |
| | ग | सम्बन्धित विषयमा ३ जनाभन्दा कम विज्ञ जनशक्ति भए–३ | | |
| २.२ | | विज्ञ जनशक्ति सम्बद्ध अन्य योग्यता | १० | |
| | क | उद्यमशीलता वा वाणिज्यशास्त्र वा अर्थशास्त्रमा कम्तीमा स्नातक तहको जनशक्ति-२ | | |
| | ख | प्रशिक्षक तथा गतिप्रदायकको उपलब्धता-२ | | |
| | ग | व्यवसाय दर्ता तथा प्रशासनसम्बन्धी ज्ञान भएको जनशक्ति-२ | | |
| | घ | बौद्धिक सम्पत्ति, कानून, लेखा तथा वित्त व्यवस्थापनको ज्ञान- २ | | |
| | ङ | सञ्चार, सीप तथा अन्तरवैयक्तिक सम्बन्ध राख्न सक्ने क्षमता- २ | | |
| ३ | सेवाका लागि स्थापित केन्द्रमा भौतिक पूर्वाधारको उपलब्धता | | २५ | |
| | क | १० र सो भन्दा बढी जनासम्मले काम गर्नसक्ने कार्यस्थल र १ जिबिपिएससम्मको इन्टरनेट सुविधा भए –२५ | | |
| | ख | ५ देखि ९ जनासम्मले काम गर्नसक्ने कार्यस्थल र ५०० एमबिपिएससम्मको इन्टरनेट सुविधा भए–२० | | |
| | ग | ५ जनाभन्दा कमले काम गर्न सक्ने कार्यस्थल र २५० एमबिपिएससम्मको इन्टरनेट सुविधा भए –१५ | | |
| ४ | साझेदार संस्थामा विषयविज्ञको प्रतिनिधित्व | | १० | |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| | क | साझेदार संस्थाको आफ्नै विज्ञ भएमा –१० | | |
| | ख | साझेदार संस्थाले करारमा लिने भएमा –७ | | |
| ५ | अपेक्षित उपलब्धी एवम् जोखिमको विश्लेषण | | ५ | |
| | क | परियोजनाको अपेक्षित परिणाम संलग्न गरेको-३ | | |
| | ख | वित्तीय जोखिम न्यूनीकरणको उपाय-२ | | |
| ६ | सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी प्रस्ताव तथा कार्ययोजना र प्रस्तुतीकरणको मूल्याङ्कन | | २० | |
| ६.१ | सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी प्रस्ताव तथा कार्ययोजना | | १५ | |
| | क | लक्षित स्टार्टअप सम्बद्ध प्रशिक्षार्थी संख्या- ३ | | |
| | ख | सेवा सञ्चालनको दिगोपना कायम गर्ने योजना पेस गरेको-३ | | |
| | ग | लगानी र वित्तीय स्रोत परिचालनको योजना-३ | | |
| | घ | सफल व्यवसायको विवरण –३ | | |
| | ञ | कार्यक्रम कार्यान्वयनको कार्य योजना पेस गरेको–३ | | |
| ६.२ | कार्ययोजना प्रस्तुतीकरण | | ५ | |
| | क | परियोजना प्रतिको आत्मविश्वास-१ | | |
| | ख | परियोजना प्रस्तावमा संलग्न सूचना तथा विवरणको जानकारी भएमा-२ | | |
| | ग | परियोजनाको SWOT Analysis गरेको-२ | | |
| | | जम्मा | १०० | |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची - ५

## (दफा ९ को उपदफा (६) सँग सम्बन्धित)

## <u>प्रतिष्ठान र साझेदार संस्थाबीचको सम्झौताको ढाँचा</u>

लिखितम् .............................. (जसलाई यसपछि प्रथम पक्ष भनी सम्बोधन गरिनेछ) तथा .............. मा दर्ता नं. ............ मा दर्ता कायम रही ................. स्थित .............. (जसलाई यसपछि द्वितीय पक्ष भनी सम्बोधन गरिनेछ) का बिच सेवा सञ्चालन गर्नका लागि मिति ............... को ....... निर्णयअनुसार ....................... स्थानमा कार्यक्रम सञ्चालन गर्नका लागि प्रथम पक्षले .................... अनुसारको सहयोग वा साझेदारी उपलब्ध गराउने र द्वितीय पक्षले कार्यक्रम सञ्चालन गर्ने गरी तपसिल बमोजिमका शर्त, बन्देज तथा दायित्वको अधीनमा रही कार्य गर्न सम्झौतापत्रमा सही छाप गरी १/१ प्रति बुझी लियौं-दियौं।

<u>शर्त बन्देज तथा दायित्वहरू</u>

१. प्रथम पक्षले द्वितीय पक्षलाई कार्यक्रम सञ्चालन गर्नका लागि अधिकतम कार्य गरेवापत रु. ............. बराबरको रकम वा सुविधा वा सामाग्री वा अन्य सहयोग उपलब्ध गराउनेछ।

२. द्वितीय पक्षले मिति .................. भित्र कार्यक्रम सम्पन्न गरी सक्नुपर्नेछ। कार्य गुणस्तरीय हुनुपर्नेछ र प्राप्त गरेको रकम वा सुविधा वा सामाग्री वा अन्य सहयोग द्वितीय पक्षले आफूले सञ्चालन गर्ने केन्द्र निरन्तर सञ्चालन गर्नु गराउनु पर्नेछ।

३. प्रथम पक्षले कार्य सम्पादनको तोकिएबमोजिमको प्रगतिका आधारमा एकमुष्ट वा किस्ताबन्दीको रूपमा लागत साझेदारीको रकम हस्तान्तरण गर्न सक्नेछ।

४. प्रथम पक्षले सम्पादित कार्यको समय समयमा अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

५. यस सम्झौतापत्रबमोजिम द्वितीय पक्षले काम सुरु नगरेमा वा काम सुरु गरी बिचमा छोडेमा वा कबुलियतबमोजिम काम नगरेमा प्रथम पक्षले यो सम्झौता भङ्ग गरी कानुनबमोजिम आवश्यक कारबाही गर्न गराउन सक्नेछ। यसरी सम्झौता भङ्ग गरिएमा द्वितीय पक्षले प्रथम किस्ता वा पेश्कीवापत कुनै रकम वा सुविधा वा सामाग्री वा अन्य सुविधा लिई सकेको भएमा सरकारी बाँकीसरह जुनसुकै तवरबाट असुल उपर गर्ने गरी नियमानुसार आवश्यक कारबाही गरिनेछ। यसरी बिचमा नै यो सम्झौता भङ्ग भएको अवस्थामा पनि सहयोग प्राप्त गरेको जिन्सी सामानहरू तोकिएको निकायलाई हस्तान्तरण गर्नुपर्नेछ।

६. यो सम्झौता कार्यान्वयन गर्दा कुनै विवाद उत्पन्न भएमा आपसी सहमतिबाट विवाद टुङ्गो लगाइनेछ र सहमतिबाट विवाद टुङ्ग्याउन नसकेमा प्रचलित नेपाल कानुनअनुसार हुनेछ।

७. कार्यक्रम कार्यान्वयन गर्ने कार्यतालिका प्रथम पक्षलाई द्वितीय पक्षले उपलब्ध गराउनुपर्नेछ। यस कार्यविधिअनुसार गरिने कार्यक्रमहरूमा उपरोक्त बमोजिमको कार्य तालिका अनिवार्य लागु हुनेछ।

८. प्रथम पक्षले कुनै कारणवस दोस्रो पक्षलाई सहयोग उपलब्ध गराउन नसक्ने भएमा प्रथम पक्षले दोस्रो पक्षलाई जानकारी दिनेछ र सो सम्झौता स्वतः भङ्ग हुनेछ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

९. यस समझदारीपत्रमा उल्लेख भएका विषयहरू यसैबमोजिम र अन्य विषयमा प्रचलित कानुनबमोजिम हुनेछ।

प्रथम पक्ष

..................................

(श्री.......................)

प्रमुख

द्वितीय पक्ष

................................

(श्री...........................)

प्रमुख

साक्षी

१)

२)

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची - ६
(दफा ११ सँग सम्बन्धित)

**<u>प्रशिक्षार्थी नवउद्यमीका लागि सूचनाको ढाँचा</u>**

सूचना प्रकाशन मिति :

व्यवसाय संवर्धन सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम यस कार्यालयबाट सञ्चालन गरिने व्यवसाय संवर्धन कार्यक्रममा सहभागी हुन इच्छुक नवउद्यमीले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र व्यवसाय संवर्धन सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ को अनुसूची-७ मा उल्लिखित ढाँचामा यस कार्यालयमा आवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ।

यस सम्बन्धी थप जानकारीको लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको वेब्साइट www.moics.gov.np मा उपलब्ध रहेको व्यवसाय संवर्धन सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ हेर्न सकिनेछ।

आवेदनका साथ संलग्न गर्नुपर्ने कागजात तथा विवरणः

(क) नेपाली नागरिकताको प्रमाणपत्र
(ख) आफूले गर्न चाहेको उद्यमको नवीनतम सोच सहितको विस्तृत विवरण (कार्ययोजना सहितको स्किम/व्यावसायिक योजना)
(ग) दफा १६ मा उल्लिखित आचरण पालना गर्ने स्वघोषणा
(घ) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि
(ङ) संस्था दर्ताको प्रमाणपत्र (यदि संस्था वा कम्पनी दर्ता भएमा)

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची - ७

(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

**प्रशिक्षार्थी उद्यमीको लागि आवेदनको ढाँचा**

मिति : ..............

श्री ......................,

विषय : प्रशिक्षार्थी उद्यमीमा सहभागी हुन पाउँ।

श्री,

उपरोक्त सम्बन्धमा त्यस कार्यालयबाट मिति ......... को सूचना मार्फत प्रशिक्षार्थी उद्यमी छनोट सम्बन्धमा आह्वान गरिएको सूचनाबमोजिम व्यावसायिक योजना तथा आवश्यक अन्य कागजातहरू यसैसाथ संलग्न राखी प्रशिक्षार्थी उद्यमीको रूपमा काम गर्न इच्छुक भई यो निवेदन पेश गरेको छु।

आवेदकको

नाम :

दस्तखत :

मिति :

संस्थाको नाम:

ठेगाना :

मोबाइल नं. :

इमेल :

संलग्न कागजातहरू (समावेश भएका कागजातहरूमा √ चिह्न लगाउने)

| क्र. सं. | विवरण | भएको/ नभएको चिह्न लगाउने |
|---|---|---|
| १ | नेपाली नागरिकताको प्रमाणपत्र | |
| २ | आफूले गर्न चाहेको उद्यमको नवीनतम सोच सहितको विस्तृत विवरण (कार्ययोजना सहितको स्किम/व्यावसायिक प्रस्ताव) | |
| ३ | दफा १६ मा उल्लिखित आचरण पालना गर्ने स्वघोषणा | |
| ४ | स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि | |
| ५ | संस्था दर्ताको प्रमाणपत्र (यदि संस्था वा कम्पनी दर्ता भएमा) | |



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची - ८

(दफा १३ सँग सम्बन्धित)

## प्रशिक्षार्थी उद्यमीको मूल्याङ्कनका आधार

| क्र.सं. | | मूल्याङ्कनका आधार | पूर्णाङ्क | प्रासाङ्क |
|---|---|---|---|---|
| १ | | प्रशिक्षार्थी उद्यमीको विवरण र स्थायी ठेगाना | १५ | |
| १.१ | | प्रशिक्षार्थी उद्यमीको स्थायी ठेगाना | १० | |
| | क | केन्द्र रहेको स्थानीय तह वा सम्बन्धित जिल्ला भित्रको- १० | | |
| | ख | केन्द्र रहेको प्रदेश र स्थानीय तह- ८ | | |
| | ग | अन्य प्रदेश वा स्थानीय तह – ५ | | |
| १.२ | | विविधता र समावेसी समूहमा पर्ने | ५ | |
| २ | | प्रशिक्षार्थी उद्यमीको व्यवासाय | १० | |
| | क | व्यवसाय सञ्चालन गरेको –१० | | |
| | ख | व्यवसाय सञ्चालन गर्ने सोच बनाएको–५ | | |
| ३ | | प्रशिक्षार्थी उद्यमीको दक्षता तथा योग्यता | १५ | |
| | क | उद्यमशीलता वा वाणिज्यशास्त्र वा अर्थशास्त्रमा कम्तीमा स्नातक तहको योग्यता भएको–६ | | |
| | ख | व्यवसाय दर्ता तथा प्रशासनसम्बन्धी ज्ञान भएको–३ | | |
| | ग | बौद्धिक सम्पत्ति, कानून, लेखा तथा वित्त व्यवस्थापनको ज्ञान –३ | | |
| | घ | सञ्चार, सीप तथा अन्तरवैयक्तिक सम्बन्ध राख्न सक्ने क्षमता –३ | | |
| ४ | | प्रशिक्षार्थी उद्यमीले पेश गरेको प्रस्ताव तथा कार्ययोजना र कार्ययोजनाको प्रस्तुतीकरणको मूल्याङ्कन | २० | |
| ४.१ | | प्रशिक्षार्थी उद्यमीले पेश गरेको प्रस्ताव तथा कार्ययोजना | १५ | |
| | क | व्यवसायको दिगोपना कायम गर्ने योजना पेस गरेको–४ | | |
| | ख | उदीयमान अवधारणालाई अङ्गीकार गरेको –३ | | |
| | ग | लगानीको संभावित स्रोत समावेश गरेको–३ | | |

| | | | | |
|---|---|---|---|---|
| | घ | वित्तीय जोखिमको न्यूनीकरणको योजना भएको–३ | | |
| | ङ | साझेदारीको योजना–२ | | |
| ४.२ | कार्ययोजनाको प्रस्तुतीकरण | | ५ | |
| | क | परियोजना प्रतिको आत्मविश्वास -१ | | |
| | ख | परियोजना प्रस्तावमा संलग्न सूचना तथा विवरणको जानकारी भएमा-२ | | |
| | ग | परियोजनाको SWOT Analysis गरेको- २ | | |
| ५ | प्रविधिको अवलम्बन | | १५ | |
| | क | नयाँ प्रविधिको ज्ञान भएको –१० | | |
| | ख | आफैले प्रविधि विकास गर्ने क्षमता भएको–१५ | | |
| ६ | स्तरोन्नतीको सम्भावना | | १५ | |
| | क | तीव्र स्तर–१५ | | |
| | ख | सामान्य –१० | | |
| ७ | सम्भावित उपभोक्तालाई प्राप्त हुन सक्ने वस्तु वा सेवा | | १० | |
| | क | वस्तु र सेवा दुवै –१० | | |
| | ख | कुनै एक –५ | | |
| | | जम्मा | १०० | |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं